मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012 544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख १४ गते सोमबार ❑ 27 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## देशभर सञ्चालन गरियो अतिक्रमित संरचना हटाउने अभियान

रासस
काठमाडौँ, १३ बैशाख



काठमाडौँ उपत्यकासहित देशभर सरकारी तथा सार्वजनिक जग्गामा अवैध रूपमा निर्माण गरिएका संरचना हटाउने अभियान सञ्चालन गरिएको छ।

सरकारले पहिलो चरणमा शनिबारदेखि काठमाडौँ उपत्यकाका विभिन्न जोखिमयुक्त क्षेत्रमा अतिक्रमित घरटहरालगायत संरचना हटाउन सुरु गरेको हो । शनिबार काठमाडौँका थापाथली, सिनामङ्गल-गैरीगाउँ र शान्तिनगर क्षेत्रमा नदी किनारमा अवैध संरचना हटाइएको थियो । यस्तै, आज नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसहितका सुरक्षा निकायको सहयोगमा सरकारी टोलीले मनोहरा नदी किनारका अतिक्रमित संरचना हटाइरहेका छन्। काठमाडौँ उपत्यका विकास प्राधिकरणका विकास आयुक्त जानुका ढकालले सुरुआती चरणमा जोखिमयुक्त क्षेत्रका बस्ती हटाइने र दोस्रो चरणमा भूमिहीनको पहिचान गरी बसोबासको उचित व्यवस्थापन गरिने बताउनुभयो । अतिक्रमित जमिन खाली गराउने क्रममा घरबारविहीन भएका नागरिकको प्रारम्भिक विवरण सङ्कलन गर्ने र बसोबासको व्यवस्था गरिएको प्राधिकरणले जनाएको छ।

काठमाडौँको कागेश्वरी मनोहरा नगरपालिका-८ स्थित गोठाटार बुद्धचोक र वडा नं ९ को मनोहरा टोलमा रहेका जोखिमपूर्ण बस्तीहरू खाली गर्न थालिएको छ । बस्तीमा रहेका भौतिक संरचना भत्काउनुपूर्व त्यहाँ रहेका नागरिकका सरसामान निकाल्न र ढुवानी गर्न सुरक्षाकर्मीले सहयोग गरिरहेका छन्। अतिक्रमित बस्ती खाली गर्ने क्रममा हालसम्म २१४ परिवार सरकारको सम्पर्कमा आएका प्राधिकरणले जनाएको छ । यसरी सम्पर्कमा आएकाहरूलाई तत्कालका लागि विभिन्न होटलमा बसोबास र खानपानको व्यवस्था मिलाइएको छ।

अभियानअन्तर्गत काठमाडौँ उपत्यकाका साथै रुपन्देही, नुवाकोट, पर्सालगायत देशका विभिन्न स्थानमा अवैध रूपमा निर्माण गरिएका संरचना धमाधम हटाउन थालिएको छ। रुपन्देहीको बुटवल उपमहानगरपालिका-४ स्थित सरकारी जग्गा अतिक्रमण गरी निर्माण गरिएका घरटहरा आज हटाइको छ । बुटवल उपमहानगरपालिकाले शनिबार नै सूचना जारी गर्दै सरकारी जग्गामा बनेका संरचना आफैँ हटाउन आग्रह गरेको थियो । आइतबारनुवाकोटको विदुर नगरपालिकाका विभिन्न स्थानमा सरकारी जग्गा कब्जा गरी निर्माण गरिएका एक दर्जन सरकारी तथा ८६ निजी संरचना 'गल्छी-रसुवागढी सडक योजनाको कार्यालय'ले हटाएको छ । यस्तै, नारायणी सिँचाइ तथा व्यवस्थापन कार्यालयले आज पर्साको गण्डक नहरको डिलमा अतिक्रमण गरेर निर्माण गरिएका घर, टहरालगायत संरचना हटाइएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सुरक्षा निकायको समन्वयमा अवैध रूपमा निर्माण गरिएका संरचना हटाउने काम गरिएको वीरगन्ज महानगरपालिकाका प्रशासन तथा व्यवस्थापन महाशाखा प्रमुख सुनिलकुमार कर्णले जानकारी दिनुभयो ।

## एकै थलोमा जनआन्दोलन, भूकम्प र जेनजी आन्दोलनको फोटो

पोखरापत्र संवाददाता
पोखरा, १३ बैशाख



राष्ट्रिय फोटो पत्रकारिता दिवस २०८३ का अवसरमा नेपाल फोटो पत्रकार संघ, कास्कीले जनआन्दोलन, भूकम्प र जेनजी आन्दोलनको फोटो प्रदर्शन गरेको छ।

पोखरा महानगरपालिका वडा नम्बर ३ को सहयोगमा संघले आइतबार पोखरा-३ नदिपुर स्थित कोर्टयार्डको प्राङ्गणमा फोटोमा '६२, ७२ र ८२' फोटो प्रदर्शनी गरेको हो । नेपालमा पछिल्लो ३ दशक यता हरेक १०/१० वर्षमा ठूला घटनालाई फोटोका माध्यमबाट प्रदर्शन गरिएको आयोजकले जनाएको छ। प्रदर्शनीमा २०६२/०६३ को जनआन्दोल, २०७२ को भूकम्प र २०८२ मा भएको जेनजी आन्दोलनको फोटो राखिएको थियो।

प्रदर्शनीको पोखरा ३ का वडाध्यक्ष प्रकाशमान उदासले उद्घाटन गरेका थिए। कार्यक्रममा उनले तस्बिर हेर्ने मात्र नभएर अनुभव गर्ने खालको हुनुपर्ने बताए। 'फोटो केवल फ्रेम वा क्यानभासमा सजाउने चिज मात्र नभएर यो एउटा कला पनि हो । फोटो पत्रकारको एक क्लिकले इतिहास पनि बताउँछ,' उनले भने, 'तस्बिरहरुले समाजलाई जानकारी मात्र हैन्। महसुस पनि गराउँछ। तस्बिर हेर्दै गर्दा सपना पनि बुनिन्छ ।' फोटो पत्रकार हरुको सिर्जनात्मक काममा वडाको सधैँ साथ र सहयोग रहने उनले बताए। पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले अक्षर पढेर भन्दा पनि तस्बिर हेरेर धेरै विषय बुझ्न सकिने बताए। 'फोटो पत्रकारहरुले जे देख्छ त्यही क्लिक गर्छ। कुनै बनावटी कुरा पनि हुदैन्,' उनले भने, 'यस्तो खालको जनचेतनामूलक प्रदर्शनी अरु ठाउँमा पनि हुनुपर्छ।' फोटो पत्रकारको कार्यक्रममा सहकार्य गर्दै जाने उनले प्रतिवद्धता जनाए । कार्यक्रममा नेपाल पत्रकार महासंघ, कास्की अध्यक्ष माधव बराल, नेपाल पत्रकार महासंघका पूर्व उपाध्यक्ष गंगाधर पराजुलीलगायतले समाचारलाई थप विश्वसनीय बनाउन फोटो महत्वपूर्ण भूमिका हुने भएकाले फोटो पत्रकारहरु मेहनती, संघर्षशील र सिर्जनशील हुनुपर्ने बताएका थिए।

फोटो पत्रकारिता दिवसका अवसरमा फोटो मार्फत जनआन्दोलन, भूकम्प र जेनजी आन्दोलनका बारेमा जानकारी दिने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको कार्यक्रम संयोजक संस्थाकी सहसचिव दुर्गा रानामगरले जानकारी दिइन् । 'हामी फोटो पत्रकार हरुका लागि वैशाख १३ अर्थात फोटो पत्रकारिता दिवस अति नै महत्वपूर्ण छ। हामीले हरेक वर्ष विभिन्न कार्यक्रम गरी दिवस मनाउँदै आएका छौँ,' उनले भनिन्, 'यो वर्ष पनि दिवसलाई ऐतिहासिक बनाउनका लागि 'फोटोमा ६२,७२ र ८२' शीर्षकको फोटो प्रदर्शनी गरेका हौँ।'

वि.सं १९८४ वैशाख १३ गते गोरखापत्रमा प्रथमपटक फोटो समाचार छापिएको थियो। विरगञ्जकी एक महिलाले चर्खाबाट धागो कात्दै गरेको फोटो गोरखापत्रमा प्रकासित भएको दिनको सम्झनामा नेपालका फोटो पत्रकारहरुले उक्त दिनलाई राष्ट्रिय फोटो पत्रकारिता दिवसको रुपमा मनाउँदै आएका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कार्बन न्यूट्रालिटी र दीगो पर्यटन प्रवर्द्धनका लागि नेपाल-चीन बिच सहकार्य

पोखरापत्र संवाददाता
पोखरा, १३ बैशाख



कार्बन उत्सर्जन घटाउँदै दीगो पर्यटन विकास गर्ने उद्देश्यका साथ पोखरा पर्यटन परिषद् (पिटिसि) र चीनको साँक्षी कार्बन न्यूट्रालिटी प्रविधि विकास संघबीच सहकार्यको सम्झदारी भएको छ।

आइतबार सम्पन्न सम्झौताले जलवायु परिवर्तनबाट उत्पन्न चुनौतीसँग जुध्न र हरित विकासलाई प्रवर्द्धन गर्न दुई संस्थाबीच संयुक्त पहललाई औपचारिकता दिएको हो।

सम्झौतापत्रमा पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी र चिनियाँ संस्थाका प्रतिनिधि वु चाओले हस्ताक्षर गर्नुभयो। उक्त सहकार्यअन्तर्गत पोखरामा कार्बन न्यूट्रालिटी सम्बन्धी नीति अनुसन्धान, हरित वित्त प्रवर्द्धन, कार्बन सम्पत्ति व्यवस्थापन तथा न्यून कार्बन प्रविधिको विस्तारमा संयुक्त रूपमा काम गरिने भएको उल्लेख गरिएको छ। पछिल्लो समय जलवायु परिवर्तनका कारण पर्यटन क्षेत्रसहित समग्र वातावरणमा चुनौती थपिँदै गएको सन्दर्भमा सहकार्य आवश्यक भएको अध्यक्ष पहारीले जनाउनु भयो। "कार्बन न्यूट्रालिटी र हरित विकासमा चीनको अनुभवलाई पोखराको स्थानीय सन्दर्भसँग जोडेर लागू गर्न यो सम्झौताले महत्वपूर्ण भूमिका खेल्नेछ," उहाँले बताउनुभयो।

सम्झौतामा पोखराको पर्यटन उद्योगलाई हरित तथा न्यून कार्बन होटल र रेष्टुरेन्टका रूपमा विकास गर्ने, पर्यटन स्थल तथा यातायात प्रणालीलाई वातावरणमैत्री बनाउने तथा स्वच्छ ऊर्जा, फोहोर व्यवस्थापन र ऊर्जा दक्ष भवनजस्ता प्रविधि भित्र्याउने विषय समेटिएको छ। यसले वातावरणीय चुनौती न्यूनीकरणसँगै नयाँ हरित आर्थिक अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ । त्यसैगरी, न्यून कार्बन कृषि मोडल विकास गरी स्थानीय उत्पादनको हरित प्रमाणीकरण र मूल्य अभिवृद्धिमा सहयोग पुऱ्याउने लक्ष्य पनि राखिएको छ। यसबाट स्थानीय कृषक र पर्यटनबीचको अन्तरसम्बन्ध सुदृढ हुने विश्वास गरिएको छ।

परिषद्का सल्लाहकार बासु त्रिपाठीले जलवायु परिवर्तन पोखराको मात्र नभई विश्वव्यापी समस्या बनेको उल्लेख गर्दै यससँग जुध्न सामूहिक प्रयास अपरिहार्य रहेको बताउनुभयो। उहाँले यस सहकार्यले स्थानीय तथा सांस्कृतिक सम्पदाको संरक्षणमा समेत टेवा पुग्ने धारणा राख्नुभयो । चिनियाँ प्रतिनिधि वु चाओले जलवायु परिवर्तनविरुद्धको लडाइँ कुनै एक देश वा संस्थाले मात्र सम्भव नहुने बताउँदै सहकार्यको महत्त्व औँल्याउनुभयो । "प्रकृतिको संरक्षण वर्तमान मात्र होइन, भावी पुस्ताको दायित्व पनि हो," उहाँले भन्नुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले उक्त सहकार्यले पोखरासहित समग्र गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो । "यो पहल सफल भए इको-फ्रेन्डली पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण फड्को सावित हुनेछ," उहाँले बताउनुभयो।

परिषद्का महासचिव जीवनराज सापकोटाले दीगो पर्यटनमा ध्यान नदिइए भविष्यमा गम्भीर समस्या आउन सक्ने चेतावनी दिँदै पोखरामा कार्बन उत्सर्जन न्यून गर्ने उपाय तत्काल कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

सम्झौताले हरित सहकार्यलाई आधार बनाउँदै ट्रान्स-हिमालय बहुआयामिक सम्पर्क सञ्जाललाई समर्थन गर्ने तथा व्यावहारिक सहकार्यमार्फत नेपाल-चीनबीच आपसी सम्बन्ध अझ सुदृढ बनाउने विषय पनि समेटिएको छ । सामाजिक अभियान्ता पुष्प तिमिल्सिनाले गण्डकी प्रदेश र चिनिया टोली बिचको सहकार्यले यस क्षेत्रको दिगो पर्यटन तथा न्यून कार्बन उत्सर्जनमा केही सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

## मुस्ताङको जोमसोममा लेक लागेर भारतीय पर्यटकको मृत्यु

पोखरापत्र संवाददाता
मुस्ताङ, १३ बैशाख

मुस्ताङको जोमसोममा लेक लागेर एक जना भारतीय पर्यटकको मृत्यु भएको छ । भारतस्थित तमिलनाडु राज्यका ६३ वर्षीय भानु मठ्ठीको आज जोमसोममा लेक लागेर मृत्यु भएको छ।

भारतबाट भानु मठ्ठीसहित २४ जनाको टोली मुक्तिनाथ दर्शनका लागि जोमसोम आइपुगेको थियो । मुस्ताङको घरपखोङ गाउँपालिका-४ जोमसोमस्थित होटल प्राइड अगाडि गाडीबाट ओर्लिने क्रममा मठ्ठीलाई लेक लागेर अचानक श्वासप्रश्वासमा समस्या देखिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा गौशालालाई 'गौ तीर्थस्थल'का रूपमा विकास गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख

स्थानीय जातका गाईहरूको संरक्षण गरिरहेको पोखरा महानगरपालिका-१५ मजुवास्थित पोखरा गौशाला 'गौ तीर्थस्थल'का रूपमा विकास गर्न थालिएको छ। विसं २०७४ देखि बेवारिसे स्थानीय जातका गाईहरूको संरक्षण गर्दै आएको गौशालामा हाल १२१ गाईगोरु संरक्षित रहेका गौशालाका प्रमुख सञ्चालक नन्दगोपाल दास (इञ्जिनियर नरेन्द्र कुँवर)ले जानकारी दिनुभयो।

स्थानीय गाईको महत्त्वलाई दृष्टिगत गर्दै यसको संरक्षणको उद्देश्यका साथ भारतको प्रतिष्ठित टाटा कम्पनीमा कम्प्युटर इञ्जिनियरको रोजगारीलाई छोडेर स्थानीय जुरो हुने गाईगोरुको संरक्षणका लागि नेपालमा फर्कनुभएका कुँवरले गोरखनाथ मन्दिरबाट ल्याइएका पाँच वटा गाईबाट संरक्षण अभियान थाल्नुभएको हो।

"हामीले स्थानीय जातका बेद-लक्षिणा गाईको महत्त्व बुझ्न र बुझाउन सकेका छैनौँ", उहाँले भन्नुभयो, "यी गाईको महत्त्व बुझाउनुका साथै यिनीहरूको संरक्षण र सेवाकै लागि गौशाला सञ्चालन गरिएको हो।" गाईको महत्त्वलाई हिन्दू धर्मग्रन्थमा वर्णन गरिएको पाइन्छ।

हिन्दू धर्म संस्कारअनुसार मानिसको जन्मदेखि मृत्यु संस्कारसम्म गाईको आवश्यकता पर्दछ। हरेक पूजाआजा तथा धार्मिक अनुष्ठानमा गाईको दूध, दही, घ्यु, गहुँत र गोबर मिलाएर तयार गरिने पञ्चगव्य खाएर मात्रै कार्य सुरु गरिनुले पनि यसको महत्वलाई उजागर गरेको छ।

पाँचवटा गाई ल्याएर सुरु गरिएको गाई संरक्षण अभियान हालसम्म आइपुग्दा उक्त सङ्ख्या १२१ पुगेको गौशालाका प्रमुख सञ्चालक कुँवरले जानकारी दिनुभयो। गाईपालनका लागि १० रोपनी जग्गा न्यूनतम मूल्यमा भाडामा लिएको उल्लेख गर्दै उहाँले यस क्षेत्रमा रहेका अन्य सार्वजनिक जग्गालाई गौचरणका रूपमा उपयोग गरिएको बताउनुभयो। उहाँका अनुसार गाईपालनका लागि चार जना कर्मचारी कार्यरत छन्।

गाईहरू दिउँसो चरन क्षेत्रमा हुने भए पनि बेलुका गोठमा रहेका अवस्थामा जम्मा हुने मललाई गड्यौला मल बनाउनका लागि उपयोग गरिएको कुँवरले जानकारी दिनुभयो। गड्यौला मलबाट वार्षिक रु दुई लाखसम्म आम्दानी हुने जनाउँदै उहाँले गौशाला सञ्चालनमा सोही रकम परिचालन भइरहेको बताउनुभयो। चरन क्षेत्रमा हुने गाईको मल भने यहाँका आसपासका स्थानीयले आएर तरकारीखेतीका लागि लग्ने गरेका छन्। स्थानीय जातका गाई भएकाले दूध उत्पादन भने खासै नहुने बताउँदै उहाँले दैनिक आठदेखि १० लिटरसम्म दूध उत्पादन हुने गरेको उल्लेख गर्नुभयो। उत्पादित केही दूध नजिकै रहेको राधेराधे मन्दिरमा लैजाने गरिएको छ। गौशालाका लागि यसअघि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, पोखराले दुई चरणमा गरी रु पाँच/पाँच लाखको लागतमा दुईवटा गोठ निर्माण गरिदिएको छ। यहाँका गाईको पालनपोषणमा पोखरा महानगरपालिका-१५ ले दुई वर्ष लगातार रु एक/एक लाखसहयोग गरेकोमा यस वर्ष भने रु ७५ हजार मात्र विनियोजन गरेको उहाँले जानकारी दिनुभयो।

यहाँ रहेका गाईको आहारा तथा खटिने कर्मचारी व्यवस्थाका लागि वार्षिक न्यूनतम रु ३० लाखसम्म खर्च हुने गरेको जानकारी दिँदै उहाँले यसका लागि विभिन्न दाता तथा सहयोगीबाट पाउने सहयोगले राहत मिलेको बताउनुभयो।

गाईको महत्त्व तथा संरक्षणको विषयलाई विभिन्न धर्मग्रन्थमा पनि उल्लेख गरिएको पाइन्छ। भविष्य पुराणमा भनिएको छ, 'गौशाला निर्माणाय यः प्रयच्छति वित्तकम्। स सर्वपापविनिर्मुक्तो मोक्षमावाप्नुयात् ध्रुवम् ॥', अर्थातः जो गौशाला निर्माणका लागि धन दान गर्छ उ सबै पापबाट मुक्त भई मोक्ष प्राप्त गर्छ। भविष्य पुराणकै अर्को श्लेकमा, 'न गोसदृशं तीर्थ न गोसदृशं तपः। न गोसदृशं दानं न गोसदृशं सुखम् ॥", अर्थात् गाईको सम्मानजस्तो तप छैन, गाईको हितमा गरिएको दानजस्तो दान छैन र गाईको आर्शिवादजस्तो सुख छैन', भनिएको छ। वेद तथा उपनिषद्हरूमा गाईको महत्वलाई धेरै किसिमबाट वर्णन गरिएको गौशालाका प्रमुख सञ्चालक कुँवरले जानकारी दिनुभयो।

दिगो व्यवस्थापन र खर्च धान्ने चिन्ता

गौशालामा ठूलो सङ्ख्यामा गाईहरू संरक्षण गरेर राखिए पनि यसको लागि दिगो स्रोत नहुँदा खर्च पुऱ्याउन भने गाह्रो हुने गरेको छ। विभिन्न दाताहरूबाट समयसमयमा आउने सहयोगले केही मात्रामा राहत मिलेपनि राज्यका तर्फबाट अपेक्षित सहयोग पाउन नसकेका पोखरा गौशाला संरक्षण समितिका अध्यक्ष ललित कुँवर थापाले बताउनुभयो।

"व्यक्तिगत रूपमा जन्मोत्सव, विवाहोत्सवका साथै विभिन्न तिथि, मिति र चाडपर्वमा विभिन्न व्यक्तिहरूबाट आउने गरेको सहयोगले केही राहत पुगेपछि यसको दीर्घकालीन व्यवस्थापन हाम्रो चिन्ताको विषय छ", उहाँले भन्नुभयो। संस्थाले वर्षको ३६५ दिनमा हरेक दिनका लागि गाईको सेवाका लागि एक/एक जना दाता खोज्ने पहलसमेत बढाएको संरक्षक कुँवरले बताउनुभयो। संस्थाका तर्फबाट जन्मोत्सव, विवाहोत्सव, वैवाहिक वर्षगाँठलगायत विभिन्न सन्दर्भमा सहयोगका लागि आह्वानसमेत गरिएको उहाँले उल्लेख गर्नुभयो।

गौ सेवा आश्रमलाई गौ तीर्थस्थलका रूपमा विकास गर्दै यसलाई आध्यात्मिक, शैक्षिक र वातावरणीय चेतनाको केन्द्र बनाउने आफूहरूको सोच रहेको उहाँको भनाइ छ। पोखराको बुद्धचोकबाट रामबजार, पोखरा-१५ को वडा कार्यालय, गलेश्वरचोक, फुलबारी रिसोर्ट पूर्वगेट हुँदै यस गौशालासम्म पुग्न सकिन्छ।

# भाडा वृद्धिको विरोधमा टेण्डर खारेज गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख




पोखराको पृथ्वीचोकस्थित हङकङ बजारका व्यवसायीहरूले अत्यधिक भाडा वृद्धिको विरोध गर्दै टेण्डर खारेज गर्न माग गरेका छन्।

आइतबार आयोजित पत्रकार सम्मेलनमार्फत उनीहरूले हालको भाडादरभन्दा ५ देखि १२ गुणासम्म वृद्धि हुनेगरी टेण्डर आह्वान गरिएको भन्दै यसले साना व्यवसायी विस्थापित हुने अवस्था सिर्जना गरेको गुनासो गरेका हुन्। ठेकेदार कम्पनीले अत्यधिक उच्च दरमा बजार ठेक्कामा लिएर्पा छ त्यसको प्रत्यक्ष असर व्यवसायीमाथि पर्ने भएको भन्दै पोखरा हङकङ बजार व्यवस्थापन समितिका अध्यक्ष सुरेशकुमार श्रेष्ठले उक्त टेण्डर खारेज गरी बैज्ञानिक भाडा दर कायम गर्न माग गर्नुभयो। "भाडा १० गुणासम्म बढ्ने अवस्था आएको छ, यस्तो अवस्थामा साना तथा मध्यम व्यवसायी टिक्न सक्दैनन्," उहाँले भन्नुभयो। यदि प्रस्तावित भाडा वृद्धि कार्यान्वयनमा आएमा अधिकांश व्यावसायीहरु पलायन हुनुपर्ने अबस्था आउन सक्ने अध्यक्ष श्रेष्ठले बताउनु भयो। हाल पनि करिब ३० देखि ४० प्रतिशत व्यवसायी विस्थापित हुने जोखिममा रहेको उहाँले जनाउनु भयो। करिब १० रोपनी क्षेत्रफलमा फैलिएको उक्त बजार २०६९ सालदेखि सञ्चालनमा आएको हो, जहाँ हाल करिब ४ सय व्यवसायी आबद्ध छन्। सस्तो बजारका रूपमा परिचित यस स्थानमा कम भाडाका कारण उपभोक्ताले पनि सहुलियत मूल्यमा सामान पाउँदै आएका छन्। तर पछिल्लो पटक बजार ५ वर्षका लागि १ करोड ६२ लाख रुपैयाँमा ठेक्कामा गएको र यसअघि वार्षिक करिब ३ लाख रुपैयाँ रहेको भाडा क्रमशः बढ्दै ११ लाखभन्दा माथि पुगेको पृष्ठभूमिमा अहिलेको नयाँ दर व्यवसायीका लागि असह्य भएको व्यवसायीको भनाइ छ।

समितिले भाडादर निर्धारण गर्दा वैज्ञानिक मापदण्ड अपनाउन र साना व्यवसायी संरक्षण हुने नीति ल्याउन माग गरेको छ। साथै बिचौलियाको हस्तक्षेप अन्त्य गरी बजारको व्यवस्थापन सम्बन्धित सरकारी निकायले नै गर्नुपर्ने सुझाव पनि दिएको छ। "हामी सरकारलाई सिधै भाडा तिर्न तयार छौं, तर बिचौलियाको भूमिका अन्त्य हुनुपर्छ," अध्यक्ष श्रेष्ठले स्पष्ट पार्नुभयो। कोभिड-१९ पछिको आर्थिक मन्दीबाट प्रभावित व्यवसायीहरू अझै उकासिन नसकेको अवस्थामा यस्तो भाडा वृद्धि अन्यायपूर्ण भएको उहाँहरुको तर्क छ। समितिका सचिव दीनेश आचार्यले माग सम्बोधन नभए आन्दोलनमा उत्रिने चेतावनी दिनु भएको छ। उहाँले भन्नुभयो, "शान्तिपूर्ण रूपमा उठाएका माग बेवास्ता भए हामी बाध्य भएर आन्दोलनमा जान्छौं।" व्यवसायीहरूले बजारको अस्तित्व जोगाउन र आफूहरूको रोजगारी सुरक्षित गर्न सम्बन्धित निकायले तत्काल हस्तक्षेप गर्नुपर्ने व्यवसायीको माग गरेका छन्।

७ रोपनी क्षेत्रफल कृषी सामाग्री कम्पनीको नाममा रहेको छ भने बाँकी ३ रोपनी क्षेत्रफल भने पोखरा उपत्यका नगर विकास समितिको माताहातमा रहेको छ। हाल पोखरा उपत्यका नगर विकास समितिको जग्गामा पहारी कन्ट्रक्सन एण्ड विलडर्सले पहिलो नम्बरमा टेण्डर पारेको हो। पोखरा उपत्यका नगर विकास समिति अर्न्तगतको जग्गामा करिब ८० वटा व्यवसायीक स्टलहरु रहेका छन्।

# रेडियो अन्नपूर्णको रजत वर्षमा २५ जना सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख



रेडियो अन्नपूर्णको रजत वर्ष विशेष कार्यक्रम सम्पन्न भएको छ। रजत बर्षको अवसर पारेर रेडियोलाई बिभिन्न क्षेत्र मार्फत सहयोग पुऱ्याएका २५ जना एक साथ सम्मानित भएका छन्।

कार्यक्रम मार्फत संगीत, साहित्य, समाजसेवा, स्वास्थ्य, पत्रकारिता खेलकुद, विधाका २५ जनालाई सम्मान गरिएको हो। कार्यक्रममा गण्डकी गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सञ्चार क्षेत्रले समाजमा नकारात्मकता भन्दा सकारात्मक सोच र भावना फैलाउनु पर्नेमा जोड दिइएका छन्।

कार्यक्रमका प्रमुख अतिथि मुख्यमन्त्री पाण्डेले लोकतन्त्रको स्थायित्व र आगामी पुस्ताका लागि स्वस्थ समाज निर्माण गर्न मिडियाको भूमिका महत्त्वपूर्ण हुने बताए। मुख्यमन्त्री पाण्डेले सङ्घीय सरकारले निजी सञ्चार माध्यमहरूलाई सरकारी विज्ञापन उपलब्ध नगराउने गरी गरेको परिपत्रप्रति असहमति व्यक्त गरे।

पछिल्लो समय सामाजिक सञ्जालमा आउने सबै सूचनाहरू समाचार नभएको र ती सबै सत्य नहुने भन्दै उहाँले सचेत गराए। उनले रेडियो र प्रिन्ट मिडियाका अगाडि थपिएका, चुनौतीहरूलाई चिर्दै प्रविधि र जनचाहना अनुसार अघि बढ्न आग्रह गरे। रेडियोका अध्यक्ष विश्वशंकर पालिखेले रेडियो जानि नजानि खोलिएकोमा हाल कमाउने भन्दा समाजिक सेवामा तल्लिन रहेको बताउँदै यो सेवा कायम रहने बताए। प्रबन्ध निर्देशक सुनयना पालिखेले रेडियो स्थापना सगैँ हाल सम्म धेरै चुनौतिको सामाना गदै यो अवस्थामा आएको बताइन्। सँस्थापक स्टेशन म्यानेजर प्रकाश सायमीले रेडियोको स्थापनाकालका कुराहरु सुनाए। रेडियो जहिले पनि बाँचिरहने साधन भएकोले हतोत्साहि हुनुपर्ने जरुरी नभएको उनको भनाई थियो। रेडियोका समाचार प्रमुख आरजु बिष्ट "सल्यानी"ले रेडियो स्थापना सहित समाचार प्रसारण गर्दाको समय स्मरण गराए। उनले रेडियोले सामाजिक कार्य सहित हाल सम्म प्रसारण भएका कार्यक्रमको बारेमा जानकारी गराएका थिए। कार्यक्रममा पूर्व अन्नपूर्णकर्मी दिपेन्द्र श्रेष्ठ, गण्डकी प्रदेशका प्रेस रजिष्टार विमला भण्डारीले रेडियोमा काम गर्दाको अनुभव सुनाएका थिए। रजत वर्षको अवसर पारेर रेडियोले स्मारिका समेत प्रकाशन गरेको छ। स्मारिकाको मुख्य मन्त्री, गण्डकी सुरेन्द्रराज पाण्डे, रेडियोका अध्यक्ष विश्वशङ्कर पालिखे, प्रबन्ध निर्देशक सुनयना पालिखे र संस्थापक स्टेसन म्यानेजर प्रकाश सायमीले संयुक्त्त रुपमा गरे। रेडियोले प्रत्येक बर्ष प्रदान गदै आइरहेको 'बेष्ट स्टाफ अफ द इयर' मार्फत नारायण पौडेल सम्मानित भए। कार्यक्रमको सञ्चालन स्टेसन मेनेजर सन्जय कुमार मल्ल र कञ्चन थापाले गरेका थिए। यो सँगै रेडियाले २५ औं वर्षमाको अवसर पारेर २०८२ बैशाख देखि आयोजना गरेको १२ महिना १२ कार्यक्रम समेत सम्पन्न भएको छ। २०५८ साल बैशाख १२ गते स्थापना भएको रेडियो अन्नपूर्ण सगैँ रेडियो पब्लिक एफएम ९९.६ र अनलाईन अन्नपूर्ण सगैँ सञ्चालनमा रहेका छन्।

# व्यवसायीलाई कर अभिलेखिकरणमा जोडिन वडा अध्यक्ष पराजुलीको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख



बुद्व विशाल बजार व्यापारिक एशोसियसन र पोखरा महानगरपालिका ४ का वडा अध्यक्ष देवकृष्ण पराजुलीबीच व्यवसायीका समस्या समाधान तथा कर अभिलेखिकरणका विषयमा अन्तरक्रिया कार्यक्रम भएको छ।

एशोसियसनको कार्यालयमा राखिएको कार्यक्रममा वोल्दै पोखरा महानगरपालिका ४ का वडा अध्यक्ष देवकृष्ण पराजुलीले आफ्नो वडा भित्रका व्यवसायीलाई कसरी सहजीकरण गरेर व्यवसायीका विभिन्न समस्याहरूलाई समाधान गर्ने सकिन्छ भन्ने विषयमा आफु गम्भीर भएर लागिरहेको बताए।

अध्यक्ष पराजुलीले भने,' महानगरपालिकाले वैशाख १२ गतेदेखि१९गतेसम्मप्रत्येकवडामा साताव्यापी अभिलेखिकरण शिविर कार्यक्रम गरिरहेको बताउदै यसमा घर बहाल कर,व्यवसाय दर्ता तथा नविकरण कर लगाएतका अन्य विषयहरूमा अभिलेखिकरण राख्ने कार्यक्रम रहेको हुदा यस अवसरलाई सदुपयोग गर्न व्यवसायीहरूलाई आग्रह गरे। अध्यक्ष पराजुलीले राज्यले वडा कार्यालयलाई दिएको अधिकारको सदुपयोग गर्दे आफुले व्यवसायीलाई घर वहाल कर व्यवसाय कर लगाएत अन्य समस्याहरूलाई समाधान गर्नको लागी आफु प्रतिवद्ध भएर लाग्ने बताए। कार्यक्रममा बुद्व विशाल बजार व्यापारिक एशोसियसनका मानार्थ सदस्य तथा सल्लाहकार केशव बहादुर खत्रीले ब्यवसायी साथीहरू अहिले राज्यका सम्पूर्ण नीति नियम पालना गर्न तयार रहेको तर व्यवसाय कर लगाएत अन्य कर बुझाउन जादा सम्बन्धित ठाँउमा सहज बाताबरण हुनुपर्ने बताए। एशोसियसनका सल्लाहकार तथा पुर्व अध्यक्ष माधव सिग्देलले देशमा अहिले देखिएको आर्थिक मन्दीको विकराल रूपले गर्दा व्यवसायीलाई बाध्यातात्मक परिस्थिति सिर्जना नगर्न वडा कार्यालयलाई आग्रह गरे।

बुद्व विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष बुद्धि वहादुर कुवँवरको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य एशोसियसनका उपाध्यक्ष मनोहरि पौडेलले गरेका थिए भने कार्यक्रम सन्चालन महासचिव थमन सिंह गुरूङले गरेका थिए। कार्यक्रममा एशोसियसनका कार्यसमिति ,उपसमिति तथा सल्लाहकारहरूको उपस्थितिमा रहेको थियो।

## एकै थलोमा ...

छन्। बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्म फोटो प्रदर्शन गरिएको संस्थाका अध्यक्ष राम गुरुङले जानकारी दिए। प्रदर्शनीमा कास्कीका फोटो पत्रकारहरुले कैद गरेका १ सय वटा फोटो राखिएको थियो। प्रदर्शनीमार्फत नयाँ पुस्तालाई देशले पार गरेका संघर्ष र परिवर्तनका बारेमा जानकारी दिने प्रयास गरिएको उनले सुनाए। साथै, विभिन्न समयमा भएका घटना एउटै थलोमा हेर्न पाउनुलाई संस्थाले इतिहासको जीवन्त दस्तावेज रुपमा लिएको छ।

आगामी वर्ष पनि फोटो पत्रकारिता दिवस भव्य बनाउने क्रममा रचनात्मक कार्यक्रम गर्दै जाने अध्यक्ष गुरुङले सुनाए।

## मुस्ताङको ...

छ। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी ईश्वर महतका अनुसार श्वासप्रश्वासमा समस्या देखिएपछि भारतीय पर्यटक मठ्ठीलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल जोमसोम पुऱ्याएको थियो। अस्पताल पुऱ्याउँदा चिकित्सकले उहाँलाई मृत घोषणा गरेका उहाँले जानकारी दिनुभयो। योसँगै मुस्ताङमा चालु आवको भदौदेखि हालसम्म पाँच विदेशी पर्यटकसहित आठ जनाको हाइअल्टिच्युडका कारण लेक लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ। प्रहरीको तथ्याङ्कअनुसार भारतीय पर्यटक चार, मेक्सिकोका एक र तीन जना नेपाली पर्यटकको लेक लागेर मृत्यु भएको हो।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ । – अज्ञात

## सम्पादकीय

# सुकुम्बासीलाई दोस्रो दर्जाको नागरिक नबनाऊ

बाक्लो घेरामा हतियारधारी सुरक्षाकर्मी प्रवेश गरेपछि काठमाडौंमा सुकुम्बासीका बस्तीमा डोजर चलेको छ । अघिल्लो दिन सुरक्षाकर्मीले माइकिङ गरेर बस्ती खाली गर्न दिएको दबाबसामु नागरिक निरीह बनेर निस्कन बाध्य भए ।पानी परिरहेको बेला भिज्दै र रुइदै मेहनतले बनाएको घर छाडेर निस्केका छन । सुकुम्बासी बस्तीमा बस्ने नागरिकले राज्य आफ्नो नभएको महसुस गरेका छन्।र आशनिबार आतबार ठमाडौंको थापाथली लगायतका सु सात ठाउँमा कुमवासी बस्तीमा डोजर चलाइएको छ । त्यसक्रममा सुकुमवासी बस्ती परिसरको दृश्य अत्यन्तै कारुणिक देखिन्थ्यो । केहिआमा कलिला बच्चा समातेर परिस्थिति सम्हालिरहेका थिए । वर्षौंदेखिको बासस्थान छाड्नु परेकामा कतिपय वृद्धवृद्धाको आँसु भरिरहेको थियो । नयाँ परिस्थितिलाई आकलन गर्न नसकेका बालबालिका हतास देखिन्थे । झिटीगुन्टा असरल्ल छरिएका थिए । राज्यले आफूलाई बस्तीबाट हटाउन खोजे पनि कतिपय परिवारले आफूले पालेका कुखुरा, कुकुर र बिराला जस्ता पशुपक्षीलाई भने यथाशक्य साथ र संरक्षण गरिरहेका थिए । कोही जसोतसो खाना पकाइरहेका थिए । सुरक्षाकर्मीको बाक्लो उपस्थिति र डोजरको कर्कस आवाजले भयानकता सिर्जना गरेको थियो । समग्रमा, अब कहाँ जानुपर्ला र बाँकी जीवन कसरी चल्ला भनेर आँखाभरि अन्योल बोकेका सुकुमवासी यत्रतत्र थिए ।

संघीय सरकारले जसरी पनि हटाउँछ भन्ने बुझेपछि आफूहरूले प्रतिवाद गर्न नसक्ने बुझेका र नयाँ ठाउँमा बसोबास र जीवनयापनमा सरकारले सघाउने आशा बोकेका सुकुमवासी पनि सहयोगी बनेका छन् । धेरैले सरकारको तयारीबारे जानकारी पाउनेबित्तिकै वैकल्पिक बसोबासको खोजी थालेका थिए । सामान स्थानान्तरमा लागेका थिए । वैकल्पिक बसोबासको व्यवस्था गर्न नसक्ने र सामान पनि सार्न नसकेहरु सरकारसमक्ष समर्पण गरेका छन। देशैभरका सुकुमवासी बस्तीहरू अव्यवस्थित बसोबासका लागि परिचित छन् । कतिपय ठाउँमा मानवोचित वातावरण पाउने स्थिति पनि छैन । गुणस्तरीय स्वास्थ्य तथा शिक्षाको उपलब्धता हुँदैन । आर्थिक तथा सामाजिक रूपमा कमजोर तथा विभेदपूर्ण दैनिकी बिताउन बाध्य हुन्छन् । नदी किनाराका बस्ती अनेकौं पक्षबाट जोखिममा पनि हुन्छन् । त्यसैले उनीहरूको व्यवस्थापन हुनुपर्नेमा दुई मत छैन । वास्तविक सुकुमवासीको आर्थिक तथा सामाजिक विकासका लागि पनि यो अपरिहार्य छ । साथै, सुकुमवासीको आवरणमा जग्गा अतिक्रमण गर्न पाइने आसमा बसेका गैरसुकुमवासीको रणनीति असफल बनाउन पनि यो आवश्यक छ ।

सरकारले अधिक छोटो समयमा बस्ती उठाउने निर्णय लियो । किनकि, प्रधानमन्त्रीले ९ गते साँझ सुरक्षाकर्मीलाई निर्देशन दिएका थिए, १२ गते बस्तीमा डोजर नै पसिसकेको थियो । यति छोटो समयमा हरेक परिवारले पूर्वतयारी गर्न सम्भव नहुन सक्छ । कतिपय परिवार विभिन्न अप्ठ्यारोमा फसिरहेको हुन सक्छ । त्यस्तै, भाडा तिर्न नसक्ने भएर यहीं बसेका थियौं ।' अर्कोतर्फ, वर्षौंसम्म बसेको बासस्थानसँग मानिसको जीवनशैली, भरोसा, अपनत्व, मानसिक स्वामित्व, रोजगारीका अवसर गाँसिएको हुन्छ । त्यहाँको बसोबास कठिनाइपूर्ण नै भए पनि भावनात्मक लगावले छोड्न सकिरहेको हुँदैन । त्यसैले केही महिना वा हप्ताको समय दिएको भए सबै परिवार स्थानान्तरणका लागि मानसिक रूपमा तयार हुन्थे । यतिन्जेल वास्तविक सुकुमवासी र अतिक्रमणकारी छुट्याउन सकिन्थ्यो । तर हतारोमा यो काम फत्ते गर्न खोजियो । सामाजिक सञ्जालमा व्यापक विरोध भएपछि मात्रै शुक्रबार बेलुका प्रधानमन्त्री शाहले फेसबुक स्टाटस लेखेका थिए ।

प्रधानमन्त्री बालेन्द्र शाहले कुनै हालतमा छिटो नतिजा प्राप्त गर्ने अभिप्राय राखेका छन् । तर, सुकुमवासी बस्तीमा लगत संकलन, प्रमाणीकरण एवं पुनर्वासको विकल्पसहितको व्यवस्थापन स्थापित विधि हो । र, प्रारम्भिक काम स्थानीय तहको हो । तर यतिबेला संघीय सरकारले सुरक्षा बल र डोजरको त्रास देखाएर सुकुमवासी बस्तीमा मानसिक बल प्रयोग गरेको थियो । बस्ती खाली गरेपछि मात्रै अन्य काम सुरु गरिएको छ । सुरुवाती प्रक्रिया बिथोलिएकाले आगामी प्रक्रिया कसरी अगाडि बढ्छ भन्ने निश्चित छैन । यद्यपि, सुकुमवासी बस्तीले सरकारको प्रयत्नलाई सहयोग गरेको देखिएको छ । त्रासले होस् वा नयाँ बासस्थानसहित सहज जीवनको सुरुवात हुने आशामा होस्, शनिबार कुनै भड्प भएन । यस्तो सहयोगलाई सरकारले कमजोरीका रूपमा बुझ्नु भने हुँदैन । किनकि, बस्तीबाट उठाउन जति सहज छ, उनीहरूको संवैधानिक अधिकार र विश्वव्यापी मानवअधिकारको प्रत्याभूति गर्दै व्यवस्थापन गर्न उति नै कठिन छ ।

कम्तीमा अबका प्रक्रिया सहज र छिटो ढंगले टुंगिनुपर्छ । एउटा 'स्थायी' बसोबासबाट अर्को 'स्थायी' बसोबासको अवधि लम्बिनु हुँदैन । यसक्रममा बालबच्चा, अपांगता भएका, बिरामी, वृद्धवृद्धा, सुत्केरी, गर्भवती जस्ता अतिरिक्त स्याहार चाहिने वर्गलाई सहयोग पुऱ्याउनुपर्छ । मानवीय मर्यादा र मानवअधिकारको ख्याल गर्नुपर्छ । संवैधानिक अधिकारहरू सुनिश्चित गरि नुपर्छ । शनिबार बेलुका ६ बजेसम्म दशरथ रंगशालामा ६८ परिवारको लगत संकलन भइसकेको थियो । यस्ता परिवारलाई सुरक्षित ठाउँमा राखिएको छ, प्रमाणीकरणको काम सकिएपछि दीर्घकालीन व्यवस्थापन गर्ने भनिएको छ । अन्यत्रका सुकुमवासी बस्तीका परिवारका जसरी सुकुमवासीले बिनासर्त सरकारलाई सहयोग गरेका छन्, उनीहरूको मनोभावनालाई सम्मान गर्दै अब सरकारले पनि तीव्रताका साथ व्यवस्थापन टुंगाउनुपर्छ । नागरिकलाई सधैं त्रासमा बाँच्न बाध्य पार्नुहुँदैन ।

# भिरबाट लडेर सात वर्षीया बालिकाको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ बैशाख

भिरबाट लडेर एक बालिकाको मृत्यु भएको छ । निसीखोला गाउँपालिका-२ अर्नकोटकी ७ वर्षीया एलिना विकको मृत्यु भएको हो ।

विक आफ्नै घर नजिकको बारीमा बाख्रा चराउने क्रममा आइतबार दिउँसो ३:०० बजेतिर लडेर मृत्यु भएको इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रहरी निरीक्षक तिलक मानन्धरले जानकारी दिनुभयो ।

भिरबाट लडेकी विकको घटनास्थलमा नै मृत्यु भएको हो । विक करिब ५० मिटर तल खसेको प्रहरीले जनाएको छ ।

# वडामै पहिलोपटक सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ बैशाख

आँबुखैरेनी गाउँपालिका-६ मा पहिलोपटक सडक कालोपत्र गर्न थालिएको छ । हालसम्म उक्त वडाका कुनै पनि सडक कालोपत्र गरिएका थिएनन् ।

वर्षौंदेखि कच्ची सडकको सास्ती भोग्दै आएका यहाँका बासिन्दाले अब सहज र सुरक्षित यातायात सुविधा पाउने आशा गरेका छन् । गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को बजेटअन्तर्गत हिलेखर्क खण्डमा दुई किलोमिटर र समस्तिपुर-गिरन्चौर खण्डमा दुई किलोमिटर सडक कालोपत्रको काम भइरहेको गाउँपालिकाका इन्जिनियर पङ्कज मगरले जानकारी दिनुभयो । हिलेखर्क सडक स्तरोन्नति योजनाअन्तर्गत जोगीनिभञ्ज्याङदेखि वडा नं ६ को कार्यालयसम्मको सडक सुधारकार्यलाई तीव्रता दिइएको छ । पहिलो चरणमा करिब दुई किलोमिटर सडक कालोपत्र गरिँदैछ भने जोगीनिभञ्ज्याङदेखि हिलेखर्कसम्मको खण्डका लागि करिब रु दुई करोड खर्च हुने उहाँले बताउनुभयो ।

यस सडकले गाउँपालिकाको वडा नं १, २ र ६ लाई प्रत्यक्ष रूपमा जोड्ने भएकाले यसको रणनीतिक महत्व पनि उच्च छ । स्थानीय किसानका लागि कृषि उपज बजारसम्म पुऱ्याउन सहज हुने, विद्यार्थीलाई विद्यालय आवतजावतमा सहजता हुने तथा बिरामीलाई स्वास्थ्य संस्था पुऱ्याउन समयमै सेवा प्राप्त हुने गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो ।

गिरन्चौरदेखि सार्लेसम्मको सडक स्तरोन्नतिका लागि सङ्घीय सरकारबाट विनियोजित करिब रु ६ करोड हालसम्म कार्यान्वयन हुन नसकेको उहाँले बताउनुभयो । उक्त बजेट कार्यान्वयनमा ढिलाइ हुँदा बरादीदेखि हिलेखर्कसम्मको सम्पूर्ण सडक कालोपत्र कार्य अधुरै रहने अवस्था देखिएको छ । अध्यक्ष चुमानले भन्नुभयो, "यदि सो बजेट समयमै कार्यान्वयनमा आएको भए चालु आवभित्रै बरादी-हिलेखर्क सडक पूर्ण रूपमा कालोपत्र हुने थियो ।" अध्यक्ष चुमानले स्थानीय तहको बजेटबाट सम्भव भएसम्म सडक पूर्वाधार विकासलाई प्राथमिकता दिइएको बताउँदै सङ्घीय सरकारको बजेट छिट्टै कार्यान्वयनमा आउने विश्वास व्यक्त गर्नुभयो । "हामीले आफ्नो स्रोतले सक्दो काम अघि बढाएका छौं, बाँकी काम सङ्घीय बजेट कार्यान्वयनसँगै पूरा हुनेछ", उहाँले भन्नुभयो । वडाध्यक्ष दिलीप गुरुङका अनुसार सडक कालोपत्र भएपछि धुलो र हिलोको समस्या अन्त्य हुने, सवारीसाधन सञ्चालनमा सहजता आउने र समग्र आर्थिक गतिविधि चलायमान हुने अपेक्षा गरिएको छ ।

# चितवनका ३० हजार पशुचौपायलाई लम्पीस्किनविरुद्धको खोप

**रासस**
चितवन, १३ बैशाख

जिल्लाका ३० हजार पशुचौपायलाई लम्पीस्किनविरुद्धको खोप लगाइने भएको छ । यहाँका पशुमा लम्पीस्किनको समस्या आउन सक्ने भएकाले खोप लगाउन लागिएको हो ।

पशु सेवा कार्यालय चितवनका प्रमुख डा प्रभात न्यौपानेका अनुसार खोप कार्यालयमा ल्याएर पालिकालाई वितरणको काम सुरु गरिएको छ । जिल्लाका सातै पालिकालाई खोप वितरण गरी लगाइने बताउँदै गर्मीयाममा लामखुट्टे, झिँगालगायतको टोकाइबाट हुनसक्ने सङ्क्रमणका कारण पनि यो रोगको जोखिम देखिने गरेकाले रोकथामका खोप लगाउन लागिएको न्यौपानेले जानकारी दिनुभयो ।

उहाँका अनुसार गाईभैंसीमा यो रोग देखापरेमा उच्च ज्वरो आउने, दानापानी कम खाने, दूध उत्पादन घटाउने, छालामा एकदेखि पाँच सेन्टिमिटरको साह्रो गोलो गिर्खा देखिने, ओठ, मुख र नाकभित्र घाउ देखिने, आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउने, ऱ्याल काढ्ने, लिम्फनोडहरू सुन्नेजस्ता लक्षण देखा पर्दछन् । यो रोग विशेषगरी सङ्क्रमित लामखुट्टे, झिँगालगायतको टोकाइबाट लाग्ने गर्दछ ।

सङ्क्रमित गाईबस्तुको ओसारपसारबाट, सामुदायिक चरन क्षेत्र तथा दाना एवं पानी खाने ठाउँबाट, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट यो रोग सर्ने गरेको कार्यालयले जनाएको छ । यो रोग लाग्न नदिनका लागि खोप लगाउने, विश्वसनीय स्रोतबाट गाईभैंसी खरिद गर्ने, गोठलाई झिँगा, लामखुट्टे तथा अन्य कीराबाट मुक्त राख्ने, सरसफाइमा ध्यान दिने र आवश्यकताअनुसार कीट विकर्षकको प्रयोग गर्नुपर्ने उहाँले बताउनुभयो ।

# माउण्ट अन्नपूर्णमा शिक्षकलाई उत्प्रेरणा तालिम

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ बैशाख



पोखराको नदीपुर, भिसी मार्गमा रहेको माउण्ट अन्नपूर्ण माध्यमिक विद्यालयमा शिक्षकको लागि एक दिने उत्प्रेरणा तथा शिक्षण विधि सम्बन्धी तालिम सम्पन्न भएको छ ।

शैक्षिक सत्र २०८३ को सुरुवातसँगै शिक्षण-सिकाइ प्रक्रियामा नवप्रवर्तन र शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको विद्यालयका प्राचार्य सङ्न्द्रराज श्रेष्ठले बताए ।

कार्यक्रममा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका पूर्व उपसचिव नवराज पौडेलले शिक्षक उत्प्रेरण र कक्षाकोठामा शिक्षण सिकाई क्रियाकलापको सम्बन्धमा सहजिकरण गरेका थिए । विद्यालयका अध्यक्ष सुरज प्रकाश प्रधानाङ्गले विद्यालयलाई आगामी दिनमा अब्बल बनाउने लक्ष्यका साथ पूर्वाधार विकाससँगै शैक्षिक गुणस्तर सुधारमा जोड दिनको लागि तालिम आयोजना गरिएको बताए ।

विद्यालयका प्राचार्य सङ्न्द्रराज श्रेष्ठले शिक्षकहरूको क्षमता विकासका लागि यस्ता तालिमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

विद्यालयका इसिए डाइरेक्टर तेज बहादुर गुरुङले आधुनिक शिक्षण प्रणालीलाई आत्मसात् गर्दै विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउनुपर्नेमा जोड दिए । उनले शिक्षकहरू केवल पाठ्यपुस्तकमा सीमित नभई सिर्जनात्मक, प्रविधिमैत्री र व्यवहारिक शिक्षणतर्फ उन्मुख हुनुपर्ने बताए । उनले यस्ता तालिमले शिक्षकहरूको आत्मविश्वास वृद्धि गर्नुका साथै कक्षा कोठामा नवीन तरिका प्रयोग गर्न प्रेरित गर्ने उल्लेख गरे ।

तालिममा विभिन्न प्रयोगात्मक तथा अभ्यासात्मक विधिमार्फत शिक्षण सीप अभिवृद्धि गर्ने विषयमा प्रशिक्षण दिइएको एकेडेमिक हेड सेजल बिजुक्छेले बताए । तालिममा विद्यालयका ५५ जना शिक्षकहरूको सहभागिता रहेको थियो ।

# वडाध्यक्षको एउटा जुक्तिले बदलियो गाउँको परिचय

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ बैशाख



बसाइँसराइ बढ्न थालेपछि रेशगाउँमा योतीयोग्यसँगै पाखो जमिन झाडीले ढाकिन थालेको थियो ।

दिनप्रतिदिन गाउँमा जमिन बाँझिन थालेपछि यहाँका वडाध्यक्ष प्रेम लामिछानेले चियाखेती लगाउने जुक्ति निकाल्नुभयो । अहिले अध्यक्ष लामिछानेको जुक्ति आयआर्जन गर्ने गतिलो माध्यम बन्न थालेको छ । त्यतिमात्र होइन, रेशगाउँको परिचयनै बदलिन थालेको छ । हिजोआज रेशगाउँको पहिचान चिया गाउँ बनेको छ । बागलुङको काठेखोला गाउँपालिका-७ मा पर्ने रेशगाउँमा अहिले चियाखेती फैलिँदै गएपछि स्थानीयसमेत यसतर्फ आकर्षित हुँदै गएका छन् । सात वर्ष अगाडि सुरु गरेको चियाखेती अहिले फस्टाउन थालेपछि गाउँलेले बाँभो जमिनसमेत खनीखोस्री चियाका बिरुवा लगाउन सुरु गरेका छन् । बसाइँसराइगर्नेठिक्कपरेकास्थानीय गाउँमै रोकिएका छन् । गाउँ छेउको चिया बगानले गाउँलेलाई खुसीमात्रै दिएको छैन, आयआर्जनमा पनि टेवा पुऱ्याउन थालेको छ । विसं २०७६ मा ताराखोला गाउँपालिकाको सिरुबारीबाट करिब ३० हजार बिरुवा ल्याएर परीक्षण लगाइएको थियो । सुरुमा बिरुवा लगाउँदा धेरैलाई आम्दानी गर्न सकिन्छ भन्ने विश्वासै लागेको थिएन । कतिपयले त 'नहुने काम गर्ने थाले' भन्थे । तर विस्तारै बिरुवा राम्रो हुँदै गएपछि स्थानीयमा आशा पलाएको थियो । अघिल्लो वर्षदेखि उत्पादन हुन थालेको वडाध्यक्ष लामिछानेले बताउनुभयो । अहिले अघिल्लो वर्षको तुलनामा धेरै उत्पादन भएको छ । सुरुमा जनकल्याण आधारभूत विद्यालयको ३५ रोपनी जग्गामा चियाखेती सुरु गरिएको र अहिले गाउँको धेरै खाली जग्गामा चिया लगाइएको छ । अहिले गाउँका खाली जग्गामा रहेको झाडीसमेत फाडानी गरेर चिया लगाइएको वडाध्यक्ष लामिछाने बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "चियाखेती फष्टाएपछि हामी निकै उत्साहित भएका छौं, हिजोका दिनमा बाँभो बनेको जमिन अहिले चियाले ढाकिएको छ, पैसा फल्न थालेको छ, हामीले गाउँका सबै नागरिकलाई जोड्न थालेका छौं, चियाले अब बसाइँसराइ पनि रोकिने अपेक्षा लिएका छौं, अहिले व्यक्तिगत रूपमा धेरैले चियाका बिरुवा लगाउन थाल्नुभएको छ ।" रेश साना किसान सहकारी संस्थामार्फत चियाखेती थालिएको थियो । वडाध्यक्ष लामिछानेका अनुसार वर्षको नौ महिना चिया टिप्न सकिन्छ । यस वर्ष दुईपटक टिपेको भन्दै प्रतिकिलो रु दुई हजारमा बिक्री हुने गरेको छ । यस वर्ष रु २० लाखको चिया बिक्री हुने अपेक्षा छ । रेश साना किसान सहकारी संस्थाका अध्यक्ष उजेली शर्माले चिया राम्रो उत्पादन भए पनि प्रशोधन गर्ने मेसिनको अभाव हुँदा समस्या भएको बताउनुभयो । उत्पादन भएको चियाका लागि बजारको समस्या छैन । अहिले बागलुङ, पोखरा, काठमाडौँलगायतका बजारमा यहाँको चिया पुग्ने गरेको अध्यक्ष शर्मा बताउनुहुन्छ । अहिले रेश गाउँको टिडरिङ, बौर, फलायडाँडालगायत ३०० रोपनी क्षेत्रमा चियाखेती गरिएको अध्यक्ष शर्माले जानकारी दिनुभयो । चियाखेतीमा गाउँका करिब २८० परिवार आबद्ध छन् ।

जनकल्याण आधारभूत विद्यालयका अध्यक्ष डम्मरबहादुर थापाले चियाखेतीले गाउँमा उत्साह जगाएको बताउनुभयो । विद्यालयको जग्गा धेरै भए पनि झाडीले ढाकिएको स्मरण गर्दै अहिले यहाँबाट पैसा फल्न थालेको उहाँको भनाइ छ । चियाखेतीका लागि गाउँले एकताबद्ध भएर लाग्दा अहिले परिणाम आउन थालेको अध्यक्ष थापाले बताउनुभयो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविस्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## सार्वजनिक सूचना

म्याग्दी जिल्ला निस्कोट वडा नं. ९ स्थायी ठेगाना भएका भैर बहादुर पुन बुहारी शेर बहादुर पुन श्रीमती दिलमाया पुन (नागरिकता नम्बरः ४०४) नाममा रहेको साविक शिशुवा-३ (साविक कित्ता नम्बरः ७४८९) हालः पोखरा महानगरपालिका वडा नं. ३०, डुडाको मुख मा पर्ने कि. नं. ७४८९ (नक्सा सीट नम्बर : ०९४१०४७३) को जग्गामा नयाँ घर निर्माण गर्नको लागि सर्जमिन मुचुल्का गर्ने क्रममा पूर्व तर्फको (कित्ता नम्बर :२८१२) सधियार फेला नपरेको हुँदा यदि माथि उल्लेखित कि. नं. ७४८९ मा नयाँ घर निर्माण गर्दा कसैलाई बाधा असर पर्न गए, यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र वडा नं. ३० को कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गरिन्छ ।

## सार्वजनिक सूचना

तनहुँ जिल्ला भिमाद नगरपालिका वडा नं. ९ बस्ने प्रेम बहादुर थापाको बुहारी नीर बहादुर थापाको श्रीमती लक्ष्मी थापाको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १५ आश्रीत मार्ग निराजन चोकको कित्ता नं. २३३ को क्षेत्रफल १३२.८५ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा दक्षिण तर्फ बाटो, उत्तर तर्फ कि. नं. २३४, पश्चिम तर्फ कि.नं.५२ र पूर्व तर्फ कि. नं. २२१ को सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १५ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# मानुङकोटलाई पर्यटकीय ग्राम बनाउने लक्ष्य

पोखरापत्र संवाददाता
दमौली, १३ बैशाख

यहाँको व्यास नगरपालिकाले पर्यटकीय गन्तव्यस्थल मानुङकोटमा जग्गा एकीकरण आयोजना सञ्चालनको तयारी गरेको छ।

नगरपालिका वडा नं ५ स्थित मानुङकोटलाई व्यवस्थित र दिगो रूपमा विकास गर्ने उद्देश्यले करिब सात सय रोपनी क्षेत्रफलमा जग्गा एकीकरण आयोजना सञ्चालन गर्न लागिएको हो।

प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले उक्त ठाउँलाई पर्यटकीय ग्रामका रूपमा विकास गर्ने उद्देश्यसहित जग्गा एकीकरण आयोजना सञ्चालनको तयारी गरिएको जानकारी दिनुभयो। त्यसका लागि प्रारम्भिक अध्ययनसमेत भइसकेको उहाँले बताउनुभयो । आयोजनालाई नगरपालिकाको आफ्नै जग्गा एकीकरण आयोजना कार्यान्वयन एकाइमार्फत सञ्चालन गर्ने गरी संस्थागत तयारी



भइरहेको लम्सालको भनाइ छ। "आयोजनामार्फत मानुङकोटलाई योजनाबद्ध पूर्वाधारसहितको आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने आधार निर्माण हुनेछ", उहाँले भन्नुभयो, "दमौली बजार नजिकै रहेको यो क्षेत्र मौलिक पहिचान र दृश्यात्मक सौन्दर्यका कारण दीर्घकालीन पर्यटन विकासका लागि अत्यन्त सम्भावनायुक्त मानिन्छ।"

आयोजना कार्यान्वयनमा आएपछि सडक, खानेपानी, विद्युत्, पदमार्ग, पार्क तथा अन्य आधारभूत पूर्वाधार योजनाबद्ध रूपमा विकास गरिने नगरपालिकाले जनाएको छ। स्थानीयस्तरमा रोजगारी सिर्जना हुनुका साथै व्यवस्थित बसोबासको अवसर बढ्ने, आन्तरिक तथा बाह्य पर्यटक आकर्षित हुने विश्वास गरिएको छ। यहाँबाट कुहिरो र सूर्योदय देखिने भएकाले पछिल्लो समय मानुङकोट पर्यटकको आकर्षक गन्तव्यस्थलका रूपमा विकास भइरहेको छ। यहाँबाट धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ। दमौली बजारलाई कुहिरोले ढाक्नुलाई पौराणिक कथासँग पनि जोडिएको छ। परापूर्वकालमा महर्षि वेदव्यासका पिता पराशर ऋषिले सत्यवतीसँग सम्भोग गर्न इच्छा प्रकट गर्दा लोकलाई पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराइदिएको धार्मिक किंवदन्ती रहँदै आएको छ। पछिल्लो समय मानुङकोटमा पर्यटक बढेपछि गाउँ छाडेर सहर भरेकाहरू पनि पुनः मानुङकोट फर्केर व्यवसाय गर्न थालेका छन्।

सहरी विकास मन्त्रालयको आर्थिक लगानीमा मानुङकोटसम्म पुग्ने सडक कालोपत्र गरिएको छ। अर्लैचेबाट मानुङकोटसम्म चार हजार ३०० मिटर सडक कालोपत्र भएको हो। कालोपत्र गर्न अप्ठ्यारो रहेको १८० मिटर ठाउँमा 'आरसिसी' ढलान गरिएको छ।

# कानुनी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १३ बैशाख



पोखरा महानगरपालिका वडा नं. ३२, खुदीखोलामा "विकृति-विसङ्गति रहित समाज निर्माण हाम्रो अभियान" भन्ने उद्देश्यका साथ कानुनी प्रशिक्षण तथा अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ।

लेखनाथ सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा-२७ डाँडाको नाक, कास्कीको आयोजनामा श्रमिकसँग न्यायिक समिति सम्बन्धी उक्त कार्यक्रम आइतबार सम्पन्न गरिएको हो। कार्यक्रम पोखरा महानगरपालिकाको न्यायिक समितिको आर्थिक सहयोगमा सञ्चालन गरिएको हो। कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थित पोखरा महानगरपालिकाकी उपमेयर मञ्जु गुरुङले मानव अधिकार तथा सामाजिक सचेतना सम्बन्धी जानकारी प्रवाह गर्ने उद्देश्यले तयार पारिएको सामग्री सार्वजनिक गर्दै नागरिकलाई आफ्नो अधिकारप्रति सजग र कर्तव्यप्रति जिम्मेवार बन्न आग्रह गर्दै उनले समाजमा विद्यमान विभेद, अन्याय तथा हिंसालाई न्यूनीकरण गर्न सामूहिक प्रयास आवश्यक रहेको उल्लेख गरिन्।

उपमेयर गुरुङले कानुनी प्रक्रियाको सही प्रयोगमार्फत स्थानीय तहमै धेरै समस्याहरू समाधान गर्न सकिने बताउँदै सुकुम्बासी समस्यालाई पनि कानुनी प्रक्रिया र वैकल्पिक व्यवस्थाका आधारमा समाधान गरिने धारणा गर्दै उनले न्यायिक समितिको भूमिकालाई प्रभावकारी बनाउँदै नागरिकमैत्री सेवा प्रवाहमा जोड दिनुपर्ने वताइन्। लेखनाथ सामुदायिक सेवा केन्द्रका उपाध्यक्ष कृष्ण रिजालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा लागूऔषध दुर्व्यसन तथा महिला सचेतनासम्बन्धी विषयमा प्रहरी वरिष्ठ नायव निरीक्षक होतबहादुर रोक्काले प्रशिक्षण दिएक थिए। रोक्काले लागूऔषध दुरुपयोगका कारण समाजमा बढ्दो चुनौती, त्यसको नियन्त्रणका उपाय तथा महिला हिंसा न्यूनीकरणका विषयमा विस्तृत जानकारी गराए। कार्यक्रममा वडा नं. ३२ का वडा अध्यक्ष अक्कल बहादुर कार्कीले स्थानीय स्तरमा यस्ता कार्यक्रमले जनचेतना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए त्यस्तै संस्थाका सदस्य अर्जुन मल्ल, वडा नं. २९ का वडा सदस्य कालिदास पौडेल तथा वडा नं. १९ की वडा सदस्य रजनी परियारले पनि आ-आफ्नो धारणा राख्दै समाज सुधारका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताए। कार्यक्रममा सहभागी श्रमिक तथा स्थानीयवासीहरूले न्यायिक समिति मार्फत उपलब्ध हुने सेवा, उजुरी प्रक्रिया, मेलमिलाप विधि तथा कानुनी सहायता सम्बन्धी जानकारी प्राप्त गरेका थिए। साथै अन्तरकृया मार्फत स्थानीय स्तरमा देखिएका समस्या, चुनौती र समाधानका उपायबारे खुला छलफल गरिएको थियो।

आयोजक संस्थाले यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिँदै समाजमा कानुनी सचेतना वृद्धि, अपराध न्यूनीकरण तथा शान्ति-सुरक्षाको सुदृढीकरणमा योगदान पुऱ्याउने जनाएको छ। कार्यक्रममा विभिन्न वडाका जनप्रतिनिधि, प्रहरी कर्मचारी, सामाजिक अगुवा तथा स्थानीयबासीहरूको उल्लेख्य सहभागिता रहेको थियो।

# मुक्तिनाथको शिरमा अनौठो 'विष्णु चुल्हो'

पोखरापत्र संवाददाता
मुस्ताङ, १३ बैशाख

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-१ मुक्तिनाथ मन्दिरको शिरमा भगवान् विष्णुले भोजन गर्ने ठाउँ अनौठो 'विष्णु चुल्हो' अवस्थित छ। मुक्तिनाथ मन्दिरबाट उत्तर/पूर्वको मनाङ-मुस्ताङ थोरङ फेदीको केही तल चार हजार १०० मिटरको उचाइमा विष्णु चुल्हो छ।

पौराणिक कालमा मुक्तिनाथ मन्दिरमाथिको अग्लो विशाल पर्वतमालामा अवस्थित शालिग्राम ढुङ्गाजस्तै देखिने विष्णु चुल्होमा भगवान् विष्णुले खाना पकाएर खाने गरेको धार्मिक किंवदन्ती छ। उक्त स्थानमा अरु धेरै स-साना पत्थर रुपी ढुङ्गाहरूमा विष्णु चुल्होको आकृतिहरू देख्न सकिन्छ। मुक्तिनाथ क्षेत्रको पर्वतमालामा अवस्थित विष्णु चुल्होमा भगवान् विष्णुले तपस्या गर्दा खान पकाएर खाने गरेको धार्मिक जनविश्वास रहेको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिनुभयो। पौराणिक मान्यताअनुसार उक्त विष्णु चुल्हो रहेको स्थानमा बसेर भगवान् विष्णुले तपस्या गरी बसेको भन्ने जनविश्वास रहेको उहाँले बताउनुभयो। पौराणिक कालमा विष्णु भगवान् तपस्यामा लीन हुँदा ब्रह्माजीले 'विष्णु चुल्होमा खीर पकाएर विष्णु भगवान् र अन्य देवीदेवताहरूलाई खुवाएको धार्मिक जनविश्वास रहेको व्यवस्थापक भुसालले बताउनुभयो। उहाँका अनुसार ब्रह्माजीले विष्णु भगवानलाई खीर पकाएर भोजन गराएको स्थान 'विष्णु चुल्हा' भन्दा केही तल मुक्तिनाथ परिसरको ज्वालामाई रहेको स्थानमा खीर परेको भन्ने भनाइ छ। यसैका कारण ज्वालामाई रहेको माटो सुँघ्दा खिरजस्तो वासना आउने गरेको व्यवस्थापक भुसालले उल्लेख गर्नुभयो। भगवान् विष्णु तपस्या गरी बसेको स्थानमा रहेको विष्णु चुल्हो दुरुस्तै कालो शालिग्राम ढुङ्गामा कुदिएको जस्तो आकृतिको छ। विष्णु चल्हो आकार करिब तीन फिट लम्बाइ र एक फिट चौडाइको छ। चुल्होको उचाइ पनि करिब एक फिटभन्दा बढी रहेको व्यवस्थापक भुसालले जानकारी दिनुभयो। "यो चुल्हो भगवान् विष्णुको शक्तिबाट प्राकृतिक रुपमा उत्पत्ति भएको बताइन्छ। विष्णु चुल्हो ढुङ्गामा खानेकुरा पकाउने ठाउँ, अचार पिस्ने ठाउँ, डाडुपन्यु र दाबिलो आदि राख्ने ठाउँलगायतका विभिन्न आकृत अवलेकन गर्न सकिन्छ", उहाँले भन्नुभयो। हिन्दू शास्त्रमा उक्त स्थानमा अवस्थित विष्णु चुल्होलाई भगवान् विष्णुले तपस्या गर्दा खानेकुरा पकाएर खाने गरेको उल्लेख गरिए पनि बौद्ध मार्गीले उक्त कालो ढुङ्गामा रहेको चुल्हो आकृतिको ढुङ्गालाई फरक ढङ्गले अर्थ्याउने गरेका व्यवस्थापक भुसालले उल्लेख गर्नुभयो। यहाँका स्थानीय बौद्धमार्गीका अनुसार मुक्तिनाथ मन्दिरको शिरमा रहेको उक्त विष्णु चुल्होलाई स्थानीय भाषामा 'आमा झ्याताङ धोङ्ब' भन्ने गरिन्छ। वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिनजिन नामगेल गुरुङका अनुसार मुक्तिनाथ पर्वतमालामा अवस्थित विष्णु चुल्होलाई बौद्धमार्गीले 'आमा झ्याताङ धोङ्ब' भन्ने गरेका बताउनुभयो। गुरु पद्यसम्भवअर्थात् गुरु रिन्पोछेले ध्यानसाधना गर्ने बेलामा खाना पकाएर खानका लागि उक्त ढुङ्गालाई चुल्होका रूपमा प्रयोग गरेका भन्ने जनविश्वास रहेको उहाँको भनाइ छ। यसैगरी घरपफोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले जोमसोमबाट तल्लो क्षेत्रका थकाली समुदायले उक्त स्थानको विष्णु चुल्होलाई स्थानीय भाषामा 'कोदो भ्र्योदो' भन्ने गरिएको बताउनुभयो। "हामी बाल्य अवस्थामा पनि यहाँ आएर चुल्हो हेर्न गरेका थियौँ, साथीभाइलाई पनि 'कोदो भ्र्योदो' जाउँ भन्ने गर्थ्यौँ", उहाँले भन्नुभयो। हिन्दू तथा बौद्ध धर्मअनुसार फरकफरक धारणा रहेपनि पवित्र मुक्तिनाथ पर्वतमालामा अवस्थित विष्णु चुल्होलाई व्यवस्थित र आवश्यक प्रचारप्रसार गर्न सकिएमा धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने स्थानीय बताउँछन्। बर्सेनि लाखौलाख धार्मिक पर्यटक मुक्तिनाथ दर्शन गर्न आउने गरे पनि उक्त विष्णु चुल्होको बारेमा जानकारी नहुँदा उक्त स्थान गुमनामजस्तै बनेको स्थानीयको गुनासो छ।

मुक्तिनाथ मन्दिरबाट आधा घण्टाको पैदल दूरीमा सहज पुग्ने सकिने उक्त स्थानको विष्णु चुल्हो रहेको स्थानमा मन्दिर स्थापना गरिएको छ। मन्दिरभित्र रहेको चुल्होमा कहिलेकाही स्थानीयले दर्शन र पूजा गर्ने गरेका छन्। विष्णु चुल्हो रहेको स्थानमा एक जना साँधुले नियमित पूजाअर्चना गर्दछन्।

# पर्यटकको पर्खाइमा थोरङ फेदी

पोखरापत्र संवाददाता
मुस्ताङ, १३ बैशाख

समुद्री सतहदेखि पाँच हजार ४१६ मिटरको उचाइको (मनाङ-मुस्ताङ) थोरङ्लापास पदमार्ग कठिन छ।

यही पर्यटकीय पदमार्ग पछ्याउँदै विदेशी पर्यटक लमजुङको बेँसीसहरबाट पदयात्रा सुरु गरेर मनाङ हुँदै थोरङ्लापास छिचोल्दै मुस्ताङ प्रवेश गर्ने गर्छन्। मुस्ताङ भित्रिएका अधिकांश विदेशी पर्यटक मनाङबाट थोरङ्लापास पदमार्ग हुँदै मुस्ताङ आइपुग्छन्। गण्डकी प्रदेशको कास्की, लमजुङ, मनाङ, मुस्ताङ र म्याग्दी जिल्लालाई राउन्ड अन्नपूर्ण चक्रीय पदमार्ग भनिन्छ। हप्तौँहप्ता लाग्ने यही पदमार्ग अहिले सडक सञ्जालका कारण छोट्टिदै जान थालेको छ। सडक कनेक्टिभिटीले राउन्ड अन्नपूर्ण सर्किटका धेरै ठाउँको पदयात्रा खुम्चिँदै गरे पनि (मनाङ-मुस्ताङ) थोरङ्लापास पदमार्ग जीवन्त छ। थोरङपास पदमार्ग साहसिक पदयात्रा गर्ने पर्यटकका लागि उपयुक्त पर्यटकीय गन्तव्यका रूपमा स्थापित भइसकेको छ।

बर्सेनि ६ महिना निकै चहलपहल हुने थोरङ्लापास पदमार्ग ६ महिना अवधि भने सुनसान हुन्छ। वर्षको याम चल्ने थोरङ्लापास पदमार्गमा फेब्रुअरीदेखि अप्रिलसम्म र सेप्टेम्बरदेखि अक्टुबरसम्म विदेशी पर्यटकको पदयात्रा चलायमान हुने गर्छ। साहसिक पदयात्राका लागि महत्वपूर्ण पर्यटकीय गन्तव्य बनेको थोरङ्लापास पदमार्ग रोमाञ्चक, चुनौतीपूर्ण र कष्टकर पदयात्राका रूपमा लिने गरिएको छ। बर्सेनि हिउँदयामको पूर्वसन्ध्या तीन



महिना र बर्खायामको पूर्वसन्ध्या तीन महिनामात्रै थोरङ्लापासमा विदेशी पर्यटकले पदयात्रा गर्ने गर्छन्। यही पदयात्राको सिजनलाई पछ्याउँदै मनाङ-मुस्ताङ थोरङ फेदीमा पछिल्लो समय आठवटा पर्यटक लक्षित होटल तथा रेष्टुरेन्ट सञ्चालनमा छन्।

सिजनका बेला होटल चलाउने र अफसिजनको बेला होटल बन्द गरी त्यहाँका पर्यटन व्यवसायी आफ्नो गन्तव्यतर्फ लाग्छन्। टङ्की मनाङबाट थोरङ फेदीमा तीन वर्षदेखि होटल चलाउँदै आउनुभएकी नामगाम गुरुङले थोरङफेदीको अल्पकालीन व्यापार सन्तोषजनक रूपमा चलेको बताउनुभयो। बर्खायाममा गाउँ फर्किने र हिउँदयाममा काठमाडौँ झर्ने गर्नुभएकी व्यवसायी गुरुङले सिजनको समय थोरङफेदीमा बसेर व्यापार गर्ने गरेको बताउनुभयो। थोरङ फेदीमा होटल चलाएर बसेका डोल्पाका अर्का पर्यटन व्यवसायी छेवाङ गुरुङले थोरङ्लापास पदयात्राको सिजनमा व्यापार गरी बस्ने र अन्य समयमा गाउँमै गएर खेतीपातीको काम गर्ने गरेको बताउनुभयो। समुद्री सतहको चार हजार २०० मिटरको उचाइमा अवस्थित थोरङफेदीको प्रतिकूल मौसमलाई सहँदै व्यापार व्यवसाय चलाएर बसेको गुरुङको भनाइ छ। "घर अर्काको हो, हामीले यहाँ भाडा तिरेर होटल चलाएका हौँ, सिजन चलेका बेला कहिले राम्रै व्यापार हुन्छ, कहिले हुँदै हुँदैन", भन्नुभयो। केही वर्षअघि मनाङ-मुस्ताङ पदमार्ग थोरङ्लापासको थोरङ फेदीसम्म सडकको पहुँच पुगेको थिएन। पछिल्लो समय वारागुङ मुक्तिक्षेत्र-२ छेङ्गुर हुँदै थोरङ फेदीसम्म कच्ची सडक विस्तार भइसकेको छ। सडकको पहुँच पुगेकाले खाद्यान्न तथा होटल रेष्टुरेन्टलाई चाहिने मालसामान ढुवानी गर्न सहज भएको छ। दुई ठूला विशाल अग्ला पहाडको खोँचमा अवस्थित थोरङ फेदीमा पर्यटक पर्खिएर बसेका व्यवसायी अफसिजन हुँदा होटल बन्द गरी त्यहाँबाट अन्यत्र जाने चलन छ।

थोरङपासमा एउटा कफीसप सञ्चालनमा छ भने त्यहाँबाट चार घण्टा पैदल हिँडेपछि थोरङफेदीमा आठ दशवटा होटल छन्। थोरङफेदीमा सबै होटल बन्द हुने भए पनि एउटा होटल भने बाह्रै महिना सञ्चालनमा रहन्छ। मनाङ-मुस्ताङ थोरङपास गर्दै मुस्ताङ प्रवेश गर्नुभएका सोलुखुम्बुकी १९ वर्षीया पर्यटक पथप्रदर्शक बिबिसा रावतले १० दिनको पदयात्रा गर्दै थोरङफेदी आइपुगेको बताउनुभयो। थोरङपास पदमार्ग जोखिम र साहसिक पदयात्रा भएको उहाँले बताउनुभयो।

# छेकम्पारवासी यार्सागुम्बा संकलन गर्न लेकतिर

पोखरापत्र संवाददाता
गोरखा, १३ बैशाख

जिल्लाको हिमाली भेग छेकम्पारका बासिन्दा यार्सागुम्बा सङ्कलन गर्न लेकतिर जान थालेका छन्। चुमनुब्री गाउँपालिका-७ छेकम्पारका बासिन्दा एक साताअघिदेखि लेकतिर जान थालेका हुन्।

स्थानीय साङ्पा लामाले 'सिजन' सुरु भएसँगै गाउँलेहरू लेकतिर जान थालेको बताउनुभयो। छेकम्पारका बासिन्दाको मुख्य आम्दानीको स्रोत यार्सागुम्बा भएकाले यसपटक हिउँ नपग्लिँदै गाउँलेहरू लेकतिर लागेको उहाँले जानकारी दिनुभयो। तिब्बती सीमाना आसपासको छेके र बाजुलगायतका लेकमा पुगेर यार्सागुम्बा सङ्कलन गर्ने गरिएको छ। हरेक याममा याक, चौँरी, घोडामा खाद्यान्नलगायत दैनिक उपभोग्य सामान ढुवानी गरेर



लावालस्करसहित स्थानीयवासी लेकतिर जाने गरेका छन्। "लेक गएपछि एक महिनासम्म उतै पाल टाँगेर बस्छौँ", लेकतर्फ जाँदै गरेका फुर्वु लामाले भन्नुभयो, "घर कुर्न बुढापाका गाउँमा बसे पनि अरु सबै उत्तै जाने गरेका छौँ। कोही गइसके, कोही जाँदैछन्।" यार्सागुम्बा बेचेर वर्षदिनको खर्चको जोहो गर्नुपर्ने भएकाले सबै काम छोडेर लेकतिर जाने गरेको लामाले बताउनुभयो। यहाँको लेकमा यार्सागुम्बा सङ्कलन गर्न छेकम्पारभन्दा बाहिरका बासिन्दालाई निषेध छ।

स्थानीयले भने समितिलाई जनही रु ५०० शुल्क तिरेपछि लेकमा जान पाउने नियम बनाइएका छ। विगत वर्षहरूमा यार्सागुम्बा सङ्कलन गर्न अभिभावकसँगै बालबच्चा पनि लेकतिरै जाने गरेका थिए।

यस वर्ष भने यहाँ बुद्ध आधारभूत विद्यालयले आवासीय सुविधासहित पठनपाठनको व्यवस्था मिलाएपछि केही सहज भएको स्थानीयले बताएका छन्। यस कार्यले बालबालिकाको पढाइमा सघाउ पुग्ने विश्वास गरिएको विद्यालयका मुख्य लामा पासाङ फुञ्जोले बताउनुभयो।

"हाम्रो करुणा स्वास्थ्य संस्थाले जोसेफ फर डिग्निटी भन्ने विदेशी संस्थाको सहयोगमा बुद्ध आधारभूत विद्यालयलाई चुमगुम्बामा ल्याएर आवासीय सुविधासहित पढाउने व्यवस्था गरेका छौँ", पूर्ववडाध्यक्षसमेत रहनुभएका पासाङले भन्नुभयो, "यस कार्यपछि अभिभावकहरू लेकतिर गए पनि बालबालिकाहरू छात्रवासमा बसेर पढ्न पाउने छन्। अब विगतमा जस्तो स्कुल बिदा हुँदैन।"